# शोध प्रबन्धको सार

युद्ध मानव समाजका निम्ति मात्र नभएर मानवेतर जगत्का निम्ति पनि एउटा महासङ्कट हो। युद्धको विनाशबाट कोही पनि अक्षुण्ण रहन सक्दैन। दुई वा त्यसभन्दा अधिक राष्ट्रहरूका बिच कुनै विषयबारे मनोमालिन्य उत्पन्न भएर सैन्य-शक्तिका माध्यमद्वारा दीर्घ अवधिसम्म हुने सशस्त्र सङ्घर्ष नै युद्ध हो जहाँ एउटा राष्ट्रले अर्को राष्ट्रमाथि आफ्नो इच्छाअनुरूप सर्त थोप्ने प्रयास गर्दछ। युद्धले कुनै पनि समाज वा राष्ट्रलाई सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, धार्मिक, मनोवैज्ञानिक रूपमा ध्वस्त गरिदिन्छ। युद्धद्वारा प्रत्येक व्यक्ति, समाज एवम् राष्ट्र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभावित बन्दछ। युद्धको विभीषिकाबाट मानव मात्र होइन तर पशुपक्षी, पहाड-पर्वत, बन-जङ्गल, खोला-नाला, पर्यावरण सबै प्रभावित हुन्छन्। उपन्यासले युद्धका यस्तै विषयलाई कथ्यका रूपमा ग्रहण गरेको देखिन्छ भने यस्ता उपन्यासलाई युद्ध-उपन्यास भनिन्छ। अतः युद्धको प्रभाव र परिणतिमा केन्द्रित उपन्यासलाई युद्ध-उपन्यास भनिन्छ।

युद्ध-उपन्यासमा युद्ध केन्द्रीय कथ्यका रूपमा रहेको हुन्छ। यस्ता उपन्यासहरूमा पूर्वयुद्धकाल, युद्धकाल र उत्तरयुद्धकाल औपन्यासिक परिवेशका रूपमा रहेका हुन्छन्। युद्धको विकराल स्थिति भोगेका वा भोगिरहेका व्यक्ति नै युद्ध-उपन्यासमा पात्रका रूपमा आएका हुन्छन् र ती व्यक्ति युद्धरत सैनिक वा युद्धपीडित असैनिक दुवै हुन सक्छन् तथापि युद्ध-उपन्यासहरूमा देशको रक्षाका निम्ति वीरतापूर्वक युद्ध लडिरहेका सैनिक पात्रहरूको उपस्थिति पनि पाइन्छ र यस्ता पात्रहरूमा देशप्रेमको भावना प्रबल रूपमा रहेको हुन्छ। युद्ध-उपन्यासहरू मूलतः ऐतिहासिक युद्ध घटनाहरूमा आधारित हुन्छन् तर ऐतिहासिकता युद्ध-उपन्यासको अनिवार्य सर्त भने होइन। सैन्य जीवनका विविध पक्षको चित्रणमा केन्द्रित रहने युद्ध-उपन्यासमा हिंसा, आतङ्क, अपराध, विनाश, अभिघात,

देशभक्ति, साहस र वीरताजस्ता विषयले महत्त्व पाएका हुन्छन्। साङ्केतिक अथवा युद्ध भाषाको प्रयोगका कारणले युद्ध-उपन्यासको भाषिक पक्ष विशिष्ट बनेको हुन्छ। युद्धको दुष्प्रभाव र दुष्परिणामको चित्रण गरी मानव समाजलाई युद्धको विनाशबाट सचेत गराउनु युद्ध-उपन्यासको उद्देश्य रहेको बुझिन्छ।

पहिलो र दोस्रो विश्वयुद्धका समयमा धेरै युद्ध-साहित्य लेखिए। भियतनाम युद्ध, फोकल्यान्ड युद्ध, खाडीको युद्धबारे पनि युद्ध-साहित्य लेखिए। त्यस बेला सृजित साहित्यले साहस, वीरता, देशभक्ति, युद्ध अपराध, युद्धको विनाश, आतङ्क, हिंसा, युद्धको मनोवैज्ञानिक प्रभाव, सैन्य जीवनको पीडा र पारिवारिक त्रासदीजस्ता विविध विषयलाई आफ्नो कथ्य बनाएको देखिन्छ। यी युद्धहरूमा नेपालीहरूको पनि प्रत्यक्ष सहभागिता रहेको थियो। भारत-चिन युद्ध, भारत-पाकिस्तान युद्ध, बङ्गलादेश युद्ध, कारगिल युद्धमा पनि नेपालीहरू प्रत्यक्ष रूपमा संलग्न हुन पुगे। त्यसैले नेपालीमा पनि युद्धको प्रभाव र परिणतिलाई केन्द्र गरेर साहित्य लेखिएको पाइन्छ।

**नेपाली युद्ध-उपन्यासहरूको विषयपरक अध्ययन** शीर्षक रहेको प्रस्तुत शोध प्रबन्धमा निम्न दसवटा नेपाली उपन्यासहरूको अध्ययन गरिएको छ - सुवासको **लुङ्खुम क्याम्प**, समीरण छेत्री 'प्रियदर्शी'को **बलिवेदी**, नन्द हाङखिमका **लास** र **अर्को अनुहार**, भगीरथ रावतको **ओस**, गोविन्द शर्माको **लड्न जन्मेकाहरू**, के बी नेपालीको **समर्पण**, प्रकाश कोविद्को **क्याप्टेन साहेब**, जे बी राई 'आदित्य'को **अमर-बलिदान** र असीत राईको **समाप्ति : एउटा युग**, **एउटा संसार**। प्रस्तुत शोध प्रबन्धलाई पाँचवटा अध्यायमा विभाजन गरी विषयको अध्ययन गरिएको छ।

शोध प्रबन्धको पहिलो अध्याय **शोध परिचय**मा शोध प्रबन्धको शीर्षक, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको आवश्यकता र औचित्य, शोधविधि, शोधकार्यको क्षेत्र र सीमा, शोध प्रबन्धको साङ्गठिक रूपरेखा र भावी शोधकर्तालाई सुझाउजस्ता नौवटा उपशीर्षकहरू रहेका छन्।

शोध प्रबन्धको दोस्रो अध्याय **युद्ध**, **उपन्यास र युद्ध-उपन्यास**मा शोधकार्यको सैद्धान्तिक आधारबारे चर्चा गरिएको छ। प्रस्तुत शोधकार्य युद्धविषयक उपन्यासहरूको अध्ययनमा केन्द्रित रहेको हुनाले यस अध्यायमा युद्ध, उपन्यास र युद्ध-उपन्यासबारे चर्चा गरिएको छ। युद्धको अवधारणा प्रस्ट्याउने क्रममा युद्धको अर्थ, परिभाषा, युद्धका कारण र प्रकार, युद्धका नियम, युद्ध अपराध, युद्धको विनाश, युद्ध अभिघात र देशभक्तिबारे चर्चा गरिएको छ। युद्ध समाजको उपज हुनाले युद्ध र समाजको सम्बन्धलाई पनि सङ्क्षिप्तमा हेरिएको छ भने युद्धको प्रमुख अङ्गका रूपमा रहने सेना र युद्ध सञ्चालनको प्रमुख साधन अस्त्र-शस्त्रबारे पनि चर्चा गरिएको छ। युद्धको अवधारणा केलाउने क्रममा शब्दकोश, इन्साइक्लोपिडिया र युद्ध विचारक तथा अध्येताहरूले युद्धबारे व्यक्त गरेका विचारहरूको सहयोग लिइएको छ। यस अध्यायमा चर्चा गरिएका अन्य विषयहरू हुन् - उपन्यास र युद्ध-उपन्यास। **उपन्यासको परिचय** शीर्षकअन्तर्गत उपन्यासको अर्थ, उद्‌भव, स्वरूप र उपन्यासका संरचनात्मक तत्त्वबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ। **युद्ध-उपन्यासको परिचय** शीर्षकअन्तर्गत युद्ध विचारक र अध्येताहरूले युद्ध र युद्ध-साहित्यबारे प्रकट गरेका विचारका आधारमा युद्ध-उपन्यासलाई चिनाउने प्रयास गरिएको छ भने युद्ध-उपन्यासको उद्देश्य र विषयबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ। युद्ध, उपन्यास र युद्ध-उपन्यासको अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ -

- युद्ध दुई वा त्यसभन्दा अधिक राष्ट्रहरूका बिच सैन्य-शक्तिको माध्यमद्‌वारा लडिन्छ। अत्याधुनिक अस्त्र-शस्त्रको प्रयोग गरिने हुनाले युद्ध हिंसात्मक हुन्छ। राष्ट्र-राष्ट्रबिच कुनै विषयमा वाद-विवाद भएपछि युद्धको स्थिति सृजना हुन्छ। प्रतिद्‌वन्द्‌वी राष्ट्र वा पक्षहरूमध्ये कुनै एउटा राष्ट्र वा पक्षले समर्पण नगरेसम्म सशस्त्र सङ्घर्ष भइरहने हुँदा युद्ध लामो समयसम्म लडिन्छ।

- युद्धका विभिन्न कारण हुन सक्छन् जसमध्ये राजनीतिक, आर्थिक, मनोवैज्ञानिक, धार्मिक, सांस्कृतिक र वैचारिक कारणलाई मुख्य मान्न सकिन्छ।
- युद्धको स्वरूप, शैली र हातहतियारका आधारमा युद्ध विभिन्न प्रकारका भए तापनि युद्धलाई समग्र युद्ध र सीमित युद्धअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ।
- उपन्यास वृहत् आकार भएको गद्याख्यान हो। उपन्यास युरोपीय भूमिको देन हो। युरोपमा अठारौँ शताब्दीमा विकसित भएको उपन्यास भारतमा बङ्गला भाषा-साहित्यमार्फत उन्नाईसौँ शताब्दीको मध्यतिर अनि नेपालीमा बीसौँ शताब्दीतिर मात्र देखा परेको हो।
- युद्धको प्रभाव र परिणतिलाई केन्द्र गरी लेखिएको उपन्यासलाई युद्ध-उपन्यास भनिन्छ जसले युद्धको विकराल रूपको चित्रण गरेर युद्धको विभीषिकाबारे समाजलाई सचेत गराउने लक्ष्य राखेको हुन्छ।

शोध प्रबन्धको तेस्रो अध्याय **युद्ध र नेपाली उपन्यास**मा नेपाली युद्ध-साहित्यको पृष्ठभूमिका रूपमा रहेका युद्धविषयक लोकसाहित्य, पूर्वआधुनिककालीन युद्धविषयक गद्य-पद्य रचना, नेपाली उपन्यासमा युद्ध लेखनको थालनी र परम्परा, नेपालीमा युद्ध-उपन्यास रचनाको पृष्ठभूमि, नेपाली युद्ध-उपन्यास लेखनमा सैनिकहरूको योगदान, नेपालीमा युद्ध-उपन्यासको न्यूनताका कारण र नेपाली युद्ध-उपन्यासहरूको वर्गीकरणजस्ता विषयमाथि चर्चा गरिएको छ। यस अध्यायबाट प्राप्त मुख्य बुँदाहरूलाई यसरी हेर्न सकिन्छ -

- युद्धविषयक लोकसाहित्य नेपाली युद्ध-साहित्यको पृष्ठभूमिका रूपमा रहेको छ। नेपाली लोकसाहित्यमा साहस, वीरता, पराक्रम र लडाइँसम्बन्धी विभिन्न विषयहरूको चर्चा भेटिन्छ।
- नेपालीमा युद्धलाई कथ्यको रूपमा ग्रहण गरेर साहित्य लेख्ने परम्पराको थालनी नेपाल एकीकरण काल (वि स १८२१/सन् १७६४) बाट भएको हो। पूर्वआधुनिककालीन युद्धविषयक गद्य-पद्य रचनाहरूमा शौर्य, वीरता, पराक्रम, विजय-उत्सव, युद्धोत्साह, युद्ध घटनाहरू भेटिन्छन्। ईश्वरीय भक्तिभावका रचनाकृतिहरूमा पनि पौराणिक युद्धहरूको चर्चा पाइन्छ।
- नेपाली उपन्यासका सन्दर्भमा माध्यमिककालीन औपन्यासिक स्वरूपका **वीरचरित्र**, **डा सूर्यप्रसाद**जस्ता रचनाहरूबाटै युद्धको चित्रण गर्ने परम्परा सुरु भएको हो।
- आधुनिक नेपाली उपन्यासको सन्दर्भमा नन्द हाङखिमको **लास** (सन् १९६४) उपन्यासभन्दा अघि युद्धलाई केन्द्रीय कथ्य बनाएर लेखिएको उपन्यास हालसम्म प्राप्त भएको छैन।
- नेपालीमा एकातिर दोस्रो विश्वयुद्ध, भारत-चिन युद्ध, भारत-पाकिस्तान युद्धजस्ता ऐतिहासिक युद्ध घटनालाई पृष्ठभूमि बनाएर लेखिएका युद्ध-उपन्यासहरू छन् भने अर्कातिर उपन्यासकारको कल्पनाद्वारा सृजित काल्पनिक युद्धलाई पृष्ठभूमि बनाएर लेखिएका युद्ध-उपन्यासहरू पनि छन्। यही आधारमा यस शोध प्रबन्धमा नेपाली युद्ध-उपन्यासहरूको वर्गीकरण यसप्रकार गरिएको छ - क) दोस्रो विश्वयुद्धमा आधारित नेपाली युद्ध-उपन्यास, ख) भारत-चिन युद्धमा आधारित नेपाली युद्ध-उपन्यास, ग) भारत-पाकिस्तान युद्धमा आधारित नेपाली युद्ध-उपन्यास र घ) काल्पनिक युद्धमा आधारित नेपाली युद्ध-उपन्यास।

शोध प्रबन्धको चौथो अध्याय **नेपाली युद्ध-उपन्यासहरूको विषयपरक अध्ययन**मा विषयअनुरूप दोस्रो विश्वयुद्धमा आधारित पाँचवटा उपन्यासहरू (लुङखुम क्याम्प, बलिवेदी, अर्को अनुहार, ओस, लड्न जन्मेकाहरू), भारत-चिन युद्धमा आधारित तीनवटा उपन्यासहरू (लास, समर्पण, क्याप्टेन साहेब), भारत-पाकिस्तान युद्धमा आधारित एउटा उपन्यास (अमर-बलिदान) अनि काल्पनिक युद्धमा आधारित एउटा उपन्यास (समाप्ति : एउटा युग, एउटा संसार) गरी मोठ दसवटा उपन्यासहरूको अध्ययन गरिएको छ। यी उपन्यासहरूमा युद्ध विनाश, युद्ध अभिघात, युद्ध अपराध, देशभक्ति, सैन्य साहस र वीरता, सैन्य जीवनशैली र सैन्य संस्कृति, पारिवारिक त्रासदी, प्रेम, ऐतिहासिकता, युद्धविरोधी धारणाजस्ता विषयहरूले महत्त्व पाएका छन्। यस अध्यायले प्रस्तुत गरेको निष्कर्षलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ -

- प्रस्तुत शोध प्रबन्धमा अध्ययन-विश्लेषण गरिएका दसवटा उपन्यासहरूमध्ये नौवटा उपन्यासहरू असैनिक उपन्यासकारहरूले लेखेका छन्, त्यसैले कतिपय उपन्यासहरू युद्धभूमिको यथार्थदेखि टाढा छन्।
- **लास**, **समर्पण**, **क्याप्टेन साहेब** र **अमर-बलिदान**जस्ता उपन्यासहरू नेपाली सिपाहीहरूको वीरता, पराक्रम र कर्तव्यपरायणताको रोमान्टिक चित्रणमा बढी केन्द्रित छन्। युद्ध नलडेका असैनिक उपन्यासकारहरूले युद्धविषयक उपन्यास लेखेका हुनाले यसप्रकारको रूमानी वर्णन पाइनु स्वभाविक देखिन्छ।
- दोस्रो विश्वयुद्धलाई पृष्ठभूमि बनाएर लेखिएका **लुङखुम क्याम्प**, **बलिवेदी**, **ओस**, **लड्न जन्मेकाहरू**जस्ता उपन्यासहरूमा नेपालीहरूले लडेका ऐतिहासिक युद्ध घटना र युद्धकालमा नेपालीहरूले भोगेका यातना र पीडामय स्थितिहरूको यथार्थ चित्रण गरिएको छ।

- नेपाली युद्ध-उपन्यासहरूमा युद्धबन्दीसँग दुर्व्यवहार, यातना र घाइते, कमजोर र बिमार युद्धबन्दीहरूको नृशंस हत्या, शत्रु राष्ट्रका असैनिक नागरिकसँग दुर्व्यवहार, कुटपिट, लुटपाट, नारी अपहरण, बलात्कार र असैनिक नागरिकहरूको निर्मम हत्या, जनघनत्व भएको सहरमा हवाई आक्रमण र सार्वजनिक सम्पत्तिको विनाशजस्ता युद्ध अपराधहरूको चित्रण पाइन्छ।
- नेपाली युद्ध-उपन्यासहरूमा मानव संहार, भौतिक संरचनाको विनाश, सहरीय सभ्यता र विकासको विनाश, युद्धसामग्री, युद्धवाहन, युद्धविमान र हातहतियारहरूको क्षति एवम् प्रकृति विनाशको सन्दर्भबाट युद्धको विनाशतिर सङ्केत गरिएको छ।
- भारत स्वतन्त्र भएपछि नेपालीहरूले लडेका भारत-चिन युद्ध र भारत-पाकिस्तान युद्धमा आधारित नेपाली युद्ध-उपन्यासहरूमा देशभक्तिजस्तो विषयले विशेष महत्त्व पाएको छ।
- **लुङ्खुम क्याम्प**, **अर्को अनुहार**, **समाप्ति : एउटा युग**, **एउटा संसार**, **लास**जस्ता उपन्यासहरूमा युद्धको मनोवैज्ञानिक प्रभावको चित्रण गर्ने प्रयास गरिएको छ।
- अधिकांश नेपाली युद्ध-उपन्यासहरूमा प्रेम तत्त्व साझा रूपमा रहेको छ।

शोध प्रबन्धको पाँचौँ अध्याय **उपसंहार र निष्कर्ष**मा शोधको उपसंहार र निष्कर्ष रहेको छ। उपसंहारअन्तर्गत यस शोध प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको साररूप राखिएको छ भने निष्कर्षअन्तर्गत प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ। निष्कर्षमा प्राप्त मुख्य तथ्यहरू यसप्रकार छन् -

- **उपन्यास** शब्द अङ्ग्रेजीको **नोभल** शब्दको पर्याय रूप हो। **नोभल** शब्द इटलेली भाषाको **नोभेला**बाट विकसित भएको हो। रोमान्स, नोभेला, पिकरेस्क आदि स्रोतबाट विकसित भएको उपन्यासले अठारौँ शताब्दीमा आएर डेनियल डिफोको **रबिन्सन क्रुसो** (सन् १७१९) बाट आधुनिक रूप प्राप्त गरेको हो।
- बीसौँ शताब्दीमा मात्र नेपाली उपन्यासले आधुनिक स्वरूप प्राप्त गरेको हो। हिन्दीका तिलस्मी-ऐयारी उपन्यासको प्रभावस्वरूप नेपालीमा **वीरसिक्का** (सन् १८८९), **महेन्द्रप्रभा** (सन् १९०२), **वीरचरित्र** (सन् १९०३) जस्ता उपन्यासहरू देखापरे। यिनै औपन्यासिक रचनाहरूले नेपाली उपन्यासको स्वरूप निर्माण गरेको देखिन्छ भने रूपनारायण सिँहको **भ्रमर** (सन् १९३६) उपन्यास प्रकाशित भएपछि मात्र नेपाली उपन्यासले आधुनिक रूप प्राप्त गरेको बुझिन्छ।
- **युद्ध-उपन्यास** शब्द अङ्ग्रेजीको **वार-नोभल**को नेपाली पर्याय रूप हो जसद्वारा युद्धको विभीषिका र त्यसको प्रभाव-परिणतिलाई केन्द्रीय कथ्यका रूपमा ग्रहण गरी लेखिएको उपन्यास भन्ने बुझिन्छ।
- युद्ध भनेको विनाश हो। युद्ध मानव समाज र सभ्यताका लागि एउटा ठुलो समस्या हो भन्ने भाव नेपाली उपन्यासहरूमा पाइन्छ। नेपाली उपन्यासहरूले युद्धबाट हुने विनाश र क्षतिको चित्रणद्वारा युद्धविरोधी भाव जागृत गराई समाजलाई युद्धप्रति सचेत गराउने उद्देश्य राखेको देखिन्छ।
- नेपाली युद्ध-उपन्यासहरूमा नेतृत्व-क्षमताशील, वीर, पराक्रमी, देशभक्त, चरित्रवान, इमानदार, जिम्मावार र कर्तव्यपरायणजस्ता विशेषताले युक्त पुरुष पात्रहरू मूल पात्रको रूपमा आएका छन्। यसबाट नेपाली युद्ध-

उपन्यासहरूले नायकवादी उपन्यास लेखनलाई विशेष महत्त्व दिएको बुझिन्छ।

- नेपाली युद्ध-उपन्यासहरूमा युद्धको मनोवैज्ञानिक प्रभावको चित्रण थोरै मात्र रहेको पाइन्छ। युद्धद्वारा प्रभावित मनोविज्ञानको चित्रणमा भन्दा युद्धबाट हुने विनाश, अपराध, पारिवारिक विघटन, पराक्रमजस्ता बाह्य विषयको चित्रणमा नेपाली युद्ध-उपन्यासहरू बढी केन्द्रित रहेका छन्।
- युद्ध-लडाकु जातिका रूपमा प्रसिद्ध नेपालीले जति युद्ध लडे त्यसका सापेक्षतामा नेपालीमा युद्ध-उपन्यासको सङ्ख्या न्यून देखिन्छ।
- नेपाली युद्ध-उपन्यास लेखनमा सैनिकहरूको भूमिका निराशाजनक रहेको देखिन्छ। प्रतिभाको कमी, शिक्षाको कमी, चेतना शून्यता, प्रकाशनको समस्याजस्ता कारणहरू यसका निम्ति उत्तरदायी रहेको बुझिन्छ। यसबाहेक असैनिक उपन्यासकारहरूमा युद्धानुभवको कमी, उपन्यासको विषयगत विस्तृतता, उपन्यासको सृजनमा लाग्ने धैरै समय, परिश्रम, अध्ययन, धैर्य र पाठकीय अरुचिलाई पनि नेपाली युद्ध-उपन्यासको न्यूनताका कारण मान्न सकिन्छ।
- नेपाली युद्ध-उपन्यासहरूमा युद्ध अपराध, युद्ध विनाश, युद्ध अभिघात, देशभक्ति, वीरता, पारिवारिक विघटन, प्रेम, सैन्य जीवनको यातना, जोखिम र अनिश्चितता, सैन्य संस्कृति, युद्धविरोधी विचार, ऐतिहासिकताजस्ता विषयहरू मूल रूपमा रहेका छन्।